परशुराम नगरपालिकाको कार्यालय
जोगबुडा,डडेल्धुरा
स्था. २०७१

**परशुराम नगरपालिका कार्यालय**
**जोगबुडा,डडेल्धुरा**
**शिलवन्दी वोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति :- २०७३/०६/१

यस कार्यालयवाट आ.व. २०७३।०७४ को सडक पिच अन्तरगतको निम्न कार्य ठेक्काबाट गराउन निम्न लिखित शर्तको अधिनमा रही कार्य गर्न बोलपत्र आह्वान गरिएको हुदा अनुभबी तथा दक्ष ईजाजत प्राप्त निर्माण व्यवसायीहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.ब. का लागि नबिकरण भएको ईजाजतपत्र, आयकर, स्थायि लेखा दर्ता प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखि निबेदन साथ तल उल्लेखित दस्तुर ( फिर्तानहुने) तिरी खरिद गर्न सकिने छ ।
२) खरीद गरेको बोलपत्र बोपत्रदाताले बोलपत्र फाराम खाममा राखी खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजे सम्म सिलबन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दर्ता भएका बोलपत्रहरुको सोही दिनको २ : ०० बजे यस कार्यालयमा खोलिने छ ।
३) धरौटी वाफत यस कार्यालयको नाममा रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं.**ग-३-४०२०३०३००३०१७** मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको जमानी पत्र ( बिडबण्ड ) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
४) रीत नपुगेको वा ढिलोगरी प्राप्त भएको बोलपत्र उपर कारबाही हुने छैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्ने छ । शर्त रहेको वा कुनै आईटममा वा कुल दररेट अंकमा वा अन्य कुनै कैफियत समेत जनाई वा यति प्रतिशत घटी / बढी मा काम गर्न मन्जुर छु आदि लेखिएकोलाई मान्यता दिईने छैन । साथै बोलपत्र फारामको प्रत्येक पानामा बोपत्रदाताको सहीछाप हुनुपर्ने छ ।
५) बोलपत्र मुल्य अभिबृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्ने छ ।
६) बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुने छ ।
७) निर्माण कार्यको कार्य योजना (Action Plan) बोलपत्र फारामसंग संलग्न गर्नु पर्ने छ ।
८) नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने , नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९) एक कम्पनी फर्मको नामबाट खरीद गरेको बोलपत्र फाराम अर्को कम्पनी फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
१०) तपसिलको कार्य २०७३ चैत्र मसान्त भित्र निर्माण गरी सक्नुपर्नेछ ।
११) बोलपत्र फाराममा मागेका माग अनुसारका उपकरण तथा जनशक्ति निर्माणस्थलमा हुनुपर्ने छ ।
१२) बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माणस्थल तथा समुदाय को बारेमा जानकारी एवं अध्यायन गर्नुपर्ने छ ।
१३) बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिने छ ।
१४) यस सुचनामा नपरेका कुराहरु प्रचलित ऐन नियम एबं. सार्बजनिक खरिद ऐन २०६३ , सार्बजनिक खरिद नियमावली २०६४ एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुने छ ।

तपसिल

| ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक ) रु. | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १/२०७३-७४ | सडक कालोपत्रे लालढुङ्गा बसपार्क देखि पन्तुरा सडक निर्माण वडा नं. १२ | ३९,००,२९५।९५ | कवोल अंकको २.५ प्रतिशत | १०००।- | |
| २/२०७३-७४ | सडक कालोपत्रे कालीकोई देखि पशुराम सडक निर्माण वडा नं. ४ | ४०,४४,५३१।६४ | कवोल अंकको २.५ प्रतिशत | १०००।- | |

...........................
कार्यकारी अधिकृत
लाल बहादुर थापा
कार्यकारी अधिकृत